


तस्विरहरू : हीरा महर्जन

# खाद्यसुरक्षाको लागि दिगो खेती र भू-व्यवस्थापन

*हाम्रो समाज र अर्थतन्त्र अहिले परिवर्तनको जुन घनचक्करमा आइपुगेको छ, त्यसले परम्परागत कृषि अर्थतन्त्र र प्रविधिमा ठूलो धक्का लागेको छ। यसको सबैभन्दा ठूलो प्रभाव कृषि क्षेत्रमा परेको छ। सामन्ती संरचनाअन्तर्गत जमिनको उपभोग, वितरणसम्बन्धी जस्तो प्रक्रिया थियो, त्यसले धान्न नसक्ने गरी व्यक्ति, परिवार र समाजका आवश्यकता तथा गतिविधिहरू तीव्र गतिमा फेरिएका छन्। अन्तर्राष्ट्रिय स्तरमै सडकको पहुँचका कारण बजार गाउँगाउँसम्म प्रवेश गरिसक्दा पनि हाम्रो जमिनको स्वामित्व, उत्पादन र वितरण प्रणाली, श्रमिकहरूको उत्पादकत्व, हामीले प्रयोग गरिरहेको ज्ञान र प्रविधि चाहिँ परम्परागत खेतीप्रणालीबाट चलिरहेको छ। त्यसलाई तत्काल हस्तक्षेप गरेर नयाँ बाटो पहिल्याउन अनिवार्य भइसकेको छ। यस सन्दर्भमा मानिसले पेटभरि पोषणयुक्त खाना खान पाउने अधिकारलाई गाँसेर हेर्दा पहिलो सर्त उत्पादकत्व वृद्धि नै हुन्छ, उत्पादकत्व वृद्धि नगरी अरू वृद्धिको कुरा गर्न सकिँदैन। यससम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा थुप्रै बहसहरू चलेका छन्। यो बहस भूमिको वितरण र उपयोग तथा व्यवस्थापनको मुद्दासँग अभिन्न रूपमा गाँसिएको पनि छ। विश्वभर खाद्य सुरक्षाको प्रश्न गम्भीर बहसमा आइरहेको बेला नेपालमा पनि यससम्बन्धमा निकै चासो बढेको छ। यसैलाई सहयोग पुर्‍याउने उद्देश्यले मुल्याङ्कनले एउटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो। खाद्य सुरक्षाका क्षेत्रमा काम गरिरहेका दुई संस्थाहरू फरेस्ट एक्सन नेपाल र खाद्य तथा दिगो खेतीपाती अभियानसँगको सहकार्यमा यो अन्तर्क्रिया गरिएको छ। यसलाई नेपाल एफएम र एबीसी टलिभिजनले पनि प्रशारण गरेका थिए। कार्यक्रमलाई अघि बढाउने र सहजीकरण गरिदिने काम फरेस्ट एक्सनका नयाँ शर्माजीले गर्नुभएको थियो। - सम्पादक।*

### ■ नयाँ शर्मा

हामीले तीनवटा विषय खाद्य सुरक्षा, दिगो खेती र जमिनको वितरण तथा स्वामित्वलाई गाँसेर यो छलफल गर्न खोजेको हौं। त्यसमा पनि छलफलको केन्द्रबिन्दु चाहिँ खाद्य सुरक्षा नै हो। खाद्य सुरक्षालाई विश्वव्यापी, राष्ट्रिय, प्राविधिक, राजनीतिक र स्थानीय सन्दर्भहरूमा कसरी बुझ्ने, यो समस्याको 'स्केल' के हो ? हामी खराब अवस्थामै पुग्यौं कि अथवा कहाँ छौं ? सुरूमा यही कुरामा केन्द्रित भएर जगन्नाथ अधिकारीलाई आफ्नो धारणा राखिदिनुहुन अनुरोध गर्दछु।

## खाद्य सुरक्षा र नेपाल

### ■ जगन्नाथ अधिकारी

*खाद्य सुरक्षा अनुसन्धाता*

सन् १९७० यता खाद्य सुरक्षाको अवधारणा आएको हो। खाद्यउत्पादन हुँदाहुँदै पनि मान्छेहरूले किनेर खान नसक्ने अवस्था आएपछि खाद्यमा पहुँच र वितरणका कुरा उठेका हुन्। अहिले विकासशील देशहरूमा खाद्य सुरक्षा गिर्दो अवस्थामा रहेको छ। खाद्य सुरक्षालाई 'मुख्य दाता' र 'सरकारी

निकाय'हरूले जसरी बुझेर कार्यक्रमहरू लागु गरिरहेका छन्, त्यसमा कृषि उत्पादन र जमिनको प्रश्न छुटेका छन्। कृषि उत्पादन होस् या नहोस्, त्यसमा उनीहरूको सरोकार छैन; जमिनमा मान्छेको पहुँच होस् या नहोस्, त्यो उनीहरूका लागि सरोकारको विषय भएन; खालि मान्छेको स्वास्थ्य कस्तो छ, 'पोषण'को अवस्था कस्तो छ, यसमा मात्र केन्द्रित भएका छन् उनीहरू। यसो हुनुमा विश्वव्यापीकरण र नवउदारवादी सिद्धान्तहरूले प्रभाव पारेको छ। सबै कुरा बजारमा छाडिदिऔं, सबै कुरा व्यापारले ठीक गर्छ भन्ने कुराले कृषि एकदमै पछाडि परेको छ। यसको 'प्रतिबिम्ब स्वरूप हाम्रो कृषिबजेट घटेको छ। हाम्रो मात्र होइन, विश्वभरिकै विकाशशील देशहरूको कृषिबजेट घटेको छ।

सन् २००८ को विश्वबैङ्कको रिपोर्टमा कृषि क्षेत्रमा औसत लगानी ४ प्रतिशत मात्र रहेको देखाइएको छ। नेपालका लगभग ५० प्रतिशत बालबच्चा कुपोषणबाट ग्रसित छन् भनिन्छ। वर्षाको स्थितिअनुसार ४० देखि ५० जिल्ला खाद्यान्न अपुग हुने जिल्लामा पर्छन्। यस्तै स्थिति रहे यसले भविष्यमा विकराल रूप लिने प्रस्ट छ।

## ■ दीपकमणि पोखरेल

*कृषि मन्त्रालय*

नीतिगत रूपमा कृषि मन्त्रालय अहिले उत्पादनकेन्द्रित रहेको छ। अधिकारीजीले भन्नुभएजस्तै खाद्यान्नको पहुँच, दिगोपन र गुणात्मकतालाई सरकारले अवहेलना नै गरेको छ। अहिले जमिनको स्वामित्वको सवाल ज्वलन्त रूपमा उठिरहेको छ। खाद्य उत्पादन र खाद्य सुरक्षाको कोणबाट हेर्दा जमिनको उपयोग पनि महत्वपूर्ण पहलु हो। कृषि क्षेत्रको अन्य क्षेत्रसँग प्रतिस्पर्धात्मकता कम भएकाले भूमि उपयोग पछि परिरहेको छ, जमिन बाँझो राख्ने प्रक्रिया सुरू भएको छ। सरकारी स्तरमा जमिन बाँझो राख्न पाइँदैन भनेर कानुनी उपचारतर्फ आकर्षण देखिन्छ। तर, यतिले मात्र हुँदैन। जमिनको उपयोग किन हुन सकिरहेको छैन ? हाम्रा परम्परागत किसानहरू जसले यसलाई जीविकोपार्जनको साधनको रूपमा हेरिरहेका थिए, उनीहरू किन अन्य व्यवसायतिर आकर्षित भइरहेका छन् ? त्यसका कारणहरू पहिचान गरेर जमिनको उपयोगमा ध्यान पुऱ्याउनुपर्छ।

## ■ जगत बस्नेत

*भूमिअधिकारकर्मी*

अहिले जसरी खाद्य सङ्कटको कुरा उठिरहेको छ, त्यो खाद्य सङ्कट होइन, अधिकार सङ्कटको कुरा हो। यस विषयमा प्रवेश गर्न म यहाँ खाद्य सुरक्षासँग जोडिएका केही समाचारहरू अगाडि राख्न चाहन्छु। अन्नपूर्ण पोष्ट (मङ्गलबार, मङ्सिर २, २०६६)मा प्रकाशित समाचारमा भनिएको छ– "के गर्ने अन्न फलाउने खेत छैन, ढुङ्गा पिसेर नखाए के खाने ? चिउरे ढुङ्गा पिसेर खाँदा रहेछन् ८० वर्षीय बलबहादुर, डाकामालन गाविस, वडा नम्बर ५, पाल्पाको मान्छे।" ढुङ्गा पिसेर खाने कुरा र खाद्य सुरक्षाको प्रश्न कहाँ गाँसिएको छ ? प्रश्नको एउटा पाटो यो हो। मिडियामै आएको अर्को कुरा म यहाँ उल्लेख गर्छु, जसको शिर्षक छ– 'पेटभरि खान पञ्जाव'। खाद्य सुरक्षाको कुरालाई कर्णालीसँग मात्र जोडिन्छ, समग्र मान्छेको बाँच्न पाउने मानवअधिकारको कुरासँग जोडिँदैन। बाँके र कपिलवस्तु खाद्यान्न उत्पादनका मुख्य जिल्लाहरू हुन् तर त्यहींका जनताहरू खान नपाएर मरेका कुरा सार्वजनिक खबर बन्दैनन्। त्यसकारण प्रश्न खाद्य सुरक्षाको परिभाषा कसको आँखाबाट कसरी गर्ने भन्ने हो।

दोस्रो कुरा, राउटे, चेपाङहरू जो खेतीपाती नै गर्दैनन्, उनीहरूको कुरा हामी गर्दैनौं। उनीहरूले खान नपाएको कुरा पत्रिकाहरूमा आउँदैन। उनीहरूले खान नपाएको कुरा राजनीतिक बहस बन्दैन। उनीहरूको जीवन पनि खानासँग सम्बन्ध छ नि। खाद्य सुरक्षालाई यो सापेक्षतामा पनि हेर्नुपर्छ।

तेस्रो कुरा, नेपालका जमिनदार मन्दिर, गुम्बा, विश्वविद्यालय छन्। हुँदाहुँदा वीर हस्पिटलको ३८ सय विघा जमिन रहेछ। उद्योगपति, राजाको कुरा खोई ! जो खेती नै गर्दैन, जो खेतमै टेक्दैन, ती मान्छेहरू जमिनका मालिक छन्, जो खेतमा काम गर्छ, त्यसमध्ये असी प्रतिशत गरिब छन्, तिनको नाममा लाजपुर्जा छैन। यसमा कोही पनि लगानी गर्न तयार छैन। यसलाई राजनीतिक रूपमा हेर्न सकिएन भने यो बहसलाई पनि टुङ्गोमा पुऱ्याउन सकिँदैन। २००७ सालमा आउँदा तीनजना राणाको नाममा २ लाख २७ हजार एकड जमिन थियो। आन्दोलन र परिवर्तनहरूले हिजोका ती जमिनदार, शासक र सामन्तहरूलाई साधारण मान्छे बनाउन सकेन। त्यसले गर्दा खेतीको उत्पादन बढाउन लगानी हुन सकेन। यसको संरचनात्मक समस्या राजनीतिक निर्णयभित्र रहेको छ।

## ■ विमला पौडेल राई

*कृषि प्राविधिज्ञ*

प्राविधिक हिसाबले हेर्दा मेरो स्वास्थ्य र बाँच्नका लागि शरीरलाई जति खाना आवश्यक छ, मेरो उत्पादन या मेरो कमाइबाट वर्षभरि खान पाउँछु भने म सुरक्षित खाद्यभित्र पर्छु होला। तर, यसलाई वर्गीय हिसाबले परिभाषित गर्नुपर्छ। तर खानै नपाउने, खानाको अनुहारै देख्न नपाएकाहरूले भने भोको पेट भर्नका लागि जे पाए पनि खाने हो, जति बेला पाए पनि खाने हो, छनौटको कुरै छैन। जसले खानामा खर्च गर्न सक्छ, उसले आफूलाई खान मन लागेको कुरा खान मन लागेजति खान पाउँछ। उसका लागि त्यही होला खाद्य सुरक्षा ! तर खान नपाउनेहरूका लागि के हो त खाद्य सुरक्षा ?

म मकवानपुरका गाउँहरू घुमेको छु। तपाईंहरू त्यहाँ जानुभयो भने देख्नुहुनेछ– गाउँलेहरू बिहान खानका लागि बिहान र बेलुका खानका लागि बेलुका मकै पिस्छन्। मैले त्यो देखेर उहाँहरूलाई सोधेको थिएँ– "तपाईंहरूले एकैपटक मकै नपिसेर किन बिहान–बेलुका गरेर पटकपटक पिस्नुहुन्छ ?" उहाँहरूले भन्नुभएको थियो– "धेरै पिसियो भने धेरै खाइन्छ, बच्चाहरूले धेरै खान खोज्छन्। अहिले नै धेरै खायो भने भरे के खाने ?" ग्रामीण क्षेत्रतिर यसप्रकारका खाद्य सङ्कट रहेका छन्। त्यस्तै म खोटाङ गएको थिएँ। खोटाङका लागि उदयपुरको घुर्मी बजारबाट सुनकोशी र दूधकोशी तारेर सामान लगिन्छ। त्यसरी ओसारिने सामानहरू चाउचाउ, रक्सी,



**नेपालका लगभग ५० प्रतिशत बालबच्चा कुपोषणबाट ग्रसित छन् भनिन्छ। वर्षाको स्थितिअनुसार ४० देखि ५० जिल्ला खाद्यान्न अपुग हुने जिल्लामा पर्छन्।**

**- जगन्नाथ अधिकारी**



हामी खाद्य सङ्कटका कारणहरू, त्यसको अर्थराजनीति र त्यसवरपरका मुद्दाहरू खासगरी जमिनको वितरण र स्वामित्वसँग त्यसको सम्बन्ध के हो भन्ने कुरामा केन्द्रित हुन आवश्यक छ ।

**- नयाँ शर्मा**

दालमोठ हुन्छन्, खोटाङबाट बाहिर पठाइने सामान भने शून्य ! यता भोजपुरतिरबाट खोटाङ आउने ट्रकहरू पनि चाउचाउ, बिस्कुट, रक्सीले टनाटन भरिएका हुन्छन्। फर्कंदा मकै, कोदो केही पनि ट्रकमा 'लोड' भएर बाहिर बजारसम्म जाँदैन। यी अन्नहरू फल्न पनि छाडे, बारी बाँझो रहन थाले। यस्ता कुराहरूलाई वर्ग र राजनीतिभन्दा पर रहेर व्याख्या गर्न सकिँदैन।

### ■ कृष्ण पौडेल

*दिगो खेतीपाती अभियान*

हामीकहाँ पनि खाद्यसुरक्षाको प्रश्न यति चर्कोसँग उठ्नुको कारण आन्तरिक मात्र छैन। यसमा अन्तर्राष्ट्रिय परिस्थितिहरूले असर गरेको छ। खासगरीकन अमेरिका र ब्राजिलले खेतीयोग्य जमिनमा 'बायोफ्युल' उत्पादन गर्न थालेपछि खाद्यान्न उत्पादन घट्दै गयो। म यसको एउटा उदाहरण दिन चाहन्छु। विश्वव्यापी रूपमा अहिले सय मिलियन टन अन्न उब्जनी हुने जमिनमा बायोफ्युल खेती गरिएको छ। बायोफ्युल उत्पादनले ओगटेको र मासु उत्पादनका लागि प्रयोग हुने जमिनबाट विश्वका एक अरब मान्छेलाई खान पुग्ने अन्न फल्छ।

नेपालको कुरा गर्दा यहाँको ८० प्रतिशत जनता, ६५ प्रतिशत श्रमशक्ति र सिङ्गै उत्पादन प्रणाली कृषि अर्थतन्त्रमा आधारित रहेको छ। कृषिमा आधारित यो उत्पादन प्रणाली खस्कँदै, भत्कँदै गएको अवस्थामा हाम्रो खाद्य सङ्कट बढ्दै गएको हो। दश-बाह्र वर्षअघि मात्र खाद्यान्न निर्यात गर्ने हामी अहिले आयात गरिरहेका छौं। दुई वर्षअघि हामीले डेढ लाख टन खाद्यान्न कम छ भन्थ्यौं, अहिले पाँच लाख टन कम छ। यही गतिमा अघि बढे दुई वर्षपछि हामीलाई दश लाख टन अन्न कम हुन्छ। विमलाजीले भन्नुभएजस्तै यसलाई प्राविधिक हिसाबले मात्र उठाएर पुग्दैन, राजनीति र वर्गसँग जोडेर हेर्नुपर्छ।

### ■ नयाँ शर्मा

अबको चरणमा हामी खाद्य सङ्कटका कारणहरू, त्यसको अर्थराजनीति र त्यसवरपरका मुद्दाहरूमा छलफल गर्छौं। खासगरी खेतीपातीसँग र अलि परसम्म पुग्दा जमिनको वितरण र स्वामित्वसँग त्यसको सम्बन्ध के हो ? अथवा जमिनको स्वामित्वले कसरी खाद्य सङ्कट ल्याइरहेको छ ? त्यसका साथै खाद्य, कृषि, जमिनसम्बन्धी सरकारी स्तरमा नीतिगत कुराहरू के छन् ? सरकारको नियन्त्रणभन्दा बाहिर चालु रहेको बजार खाद्य सुरक्षाका सन्दर्भमा कसरी चलिरहेको छ ? खाद्य सङ्कटमा प्रविधिका कारण के कस्ता समस्या पैदा भएका छन् ? सांस्कृतिक हिसाबमा खाद्य के हो ? त्यसले पनि खाद्य सङ्कटमा सघाउ पुगेको छ कि ? वन र खेतीको सम्बन्ध के कस्तो हो ? यिनै मूल मुद्दाहरूमा केन्द्रित होऔं।

## खाद्य सङ्कटका जरा

### ■ कृष्ण पौडेल

खाद्य सङ्कट र सुरक्षाको कुरा गर्दा नेपालमा चारपाँचवटा महत्वपूर्ण कुराहरू देखापरेका छन्। मैले अघि नै भनिसकें- कृषि अर्थतन्त्रको कुरा। हामी खेतीपाती गर्न छोडेर खाद्य सङ्कट भो भनिरहेका छौं। हामी किन खेतीपाती छोडिरहेका छौं, त्यसलाई खोतल्नुपर्छ। यसबारेमा म तीनवटा कुरा राख्छु।

पहिलो कुरा, हामीले कस्तो खेती प्रणाली अवलम्बन गरिरहेका छौं, जसले गर्दा किसानहरूले खेती गर्न सकिरहेका छैनन्, ऊ खेती छोड्न बाध्य छ ? सरकार र अरू सङ्घसंस्थाहरूले हरित क्रान्तिमा आधारित 'उच्च लगानी' दिने उत्पादनलाई जसरी व्यापक रूपमा प्रोत्साहन गर्न खोजिरहेका छन्, लागतका कारणले किसानहरूले यस प्रकारले खेती गर्न सक्दैनन्। बारामा पोहोर साल घटेको मकै घटना होस् या भारतमा ऋण तिर्न नसकेर आत्महत्या गरिरहेका किसानहरूको कुरा होस्, ती यसैका ज्वलन्त उदाहरण हुन्। भारतकै जस्तो स्थिति नेपालमा नरहे पनि ऋण तिर्न नसकेर किसानहरू खेतीपातीबाट घर चलाउन सकिन्न भनेर पनि विदेश हिँडेका हुन्। यसमा कृषिसम्बन्धी हाम्रा नीतिहरूले किसानहरूलाई प्रभावित गरिरहेको छ।

दोस्रो कुरा, व्यापक बहसमा आइरहेको जलवायु परिवर्तनका बारेमा हामी धेरै जानकार छैनौं। जलवायु परिवर्तनले खेतीमा थुप्रै अनिश्चितता निम्त्याएको छ। हामीलाई कहिले पानी पर्छ, कतिबेला के खेती लगाउन सकिन्छ भन्ने थाहा थियो तर अब जलवायु परिवर्तनले त्यसमा उतारचढाव आएको छ। यो वर्ष तापक्रम बढ्ला, अर्को वर्ष घट्छ। जस्तो कि मैले अघि बाराको कुरा गरेको थिएँ। सरकारले बारामा मकै बाली बिग्रियो भनेर किसानहरूलाई राहत स्वरूप २६ करोडभन्दा बढी रकम बाँडिसक्यो। ३५ डिग्रीभन्दा बढी तापक्रम भएपछि मकैको दाना लाग्दैन। बारामा त्यही भएको हो। जलवायु परिवर्तनका कारण आएका यस्ता अनिश्चितताको हामी कसरी सामना गर्छौं ? हाम्रासामु चुनौती खडा भएको छ। तेस्रो कुरा, बढी उत्पादनका नाममा जुन खेती प्रणाली आइरहेको छ, त्यसले पनि हाम्रो खाद्य सुरक्षालाई कमजोर बनाएको छ।

अहिले ३० लाख युवा अरब या मलेसियामा छन्। ती किसान युवाहरू हुन्। अब गाउँमा केटाकटी, बुढाबुढी र महिलाहरू मात्र बाँकी छन्। म यहाँ के कुरा भन्न सक्छु भने इतिहासमै मध्यपश्चिम र सुदूर पश्चिमका पहाडी जिल्लाहरूका महिलाहरूलाई अहिले सबैभन्दा बढी कामको भार परिरहेको छ। त्यो क्रम पूर्वतिर पनि सर्दैछ। त्यस्तै गरेर परम्परागत खेतीप्रणालीबाट खाद्य सुरक्षा हुँदैन। किनभने, हाम्रो परम्परागत खेती प्रणाली पारिवारिक थियो, अहिले पारिवारिक संरचनामै परिवर्तन आएको छ। परिवार सानोभन्दा सानो हुँदै जाँदै छ। अब उनीहरूले दुईवटा गाई, दुईवटा हाँस, दुईवटा कुखुरा पालेर जीविका चलाउने सम्भावना पनि कम छ। यस्तो अवस्थामा कस्तो खेतीप्रणाली हुनुपर्ने ? फेरि बढी उत्पादन गर्ने नाममा किटनाशक औषधिको प्रयोगले मान्छेको स्वास्थ्य र जमिनलाई पनि प्रतिकूल असर परेको छ। यसलाई कसरी समाधान गर्ने ?

### ■ विमला पौडेल राई

जुन मान्छे खेती गर्छ, उसको नाममा जग्गाको स्वामित्व नभएकाले उसलाई खेतीमा स्वामित्वबोध हुँदैन। त्यसले खेतीमा गरिने लगानीमा पनि स्वतः असर गरिहाल्छ। जुन मान्छेले खेती गर्दैन, उसको नाममा



परम्परागत खेतीप्रणालीबाट खाद्य सुरक्षा हुँदैन। किनभने, हाम्रो परम्परागत खेती प्रणाली पारिवारिक थियो, अहिले पारिवारिक संरचनामै परिवर्तन आएको छ। परिवार सानोभन्दा सानो हुँदै जाँदैछ।

**– कृष्ण पौडेल**

प्रशस्त जग्गा छ। नेपालमा पहिलेदेखि नै बाहुन-क्षेत्री बढी जग्गा ओगटेको समुदायमा पर्छ। पछाडि परेका जनजातिहरू विशेषतः तामाङहरू ज्यादै कम उत्पादकत्व भएका जग्गामा बसोबास गर्छन्। ज्यादै उत्पादक जमिन तराईमा छ तर ती जमिनका मालिकहरू काठमाडौंमा छन्। यसले कृषिको उत्पादकत्वमा असर पारिरहेको छ। पर्याप्त जमिन, प्रविधि आदिमा पहुँच भए युवाहरू पनि यसतर्फ आकर्षित हुन्थे। जग्गा छैन, भनेको बेला त्यसको 'इन्पुट' पाउनुहुन्न, प्रविधि कुन चरीको नाम हो, थाहा छैन भने कसरी कृषिमा आकर्षण पैदा हुन्छ। हामीले रामेछापका किसानहरूसँग बसेर छलफल गरेका थियौं। त्यहाँ पानीको अभाव रहेछ। हामीले कृषि कार्यालयले पाइप दिन्छ होला नि, त्यहाँ गएर माग गर्नुस् न भनेर सल्लाह दिएका थियौं। उहाँहरू त कृषि कार्यालयले पनि पाइप दिन्छ र भनेजस्तो गरेर हाँस्नुभो। यसको अर्थ के हो भने राज्यले गर्ने वितरणप्रति जनतामा विश्वासै छैन। यस्ता कुराहरूले मान्छेहरूलाई विदेशिन बाध्य बनाएको छ।

अर्को महत्वपूर्ण कुरा हो– हामी 'कृषिको महिलाकरण' भन्छौं तर खासमा 'कृषिकार्यमा महिलाकरण' भन्नुपर्छ भन्नुहुन्थ्यो एकजना विद्वान् महिलाले। म त्यतातिर जान्छु। महिलाहरूको नाममा जग्गाको स्वामित्व चाहिँ छैन तर ८० प्रतिशतभन्दा बढी कृषिमजदुर महिलाहरू छन्। जग्गा त आफ्नो छैन नै, लगानी, सूचना, प्रविधि केहीमा पनि पहुँच छैन। त्यसकारण 'कृषिकर्मको महिलाकरण' भयो तर देशलाई फाइदा 'कृषिको महिलाकरण' भएको भए हुन्थ्यो होला। त्यसो चाहिँ भएको छैन। यसले उत्पादनमा ह्रास हुनु स्वभाविकै हो।

जिल्लातिर घुम्दा ठूल्ठूला जग्गाका 'प्लट'हरू बाँझो रहेको देखिन्छ। किन यसरी बाँझो राख्नुभएको भनेर सोध्दा उहाँहरू भन्नुहुन्छ– "काम गर्ने मान्छे छैन।" काम गर्न सक्ने मान्छे या त काठमाडौं अथवा अन्यत्र सहरमा आएर बसेको छ, या त विदेशिएको छ। फेरि बाहिरबाट आएको कमाइको एक प्रतिशत पनि कृषि क्षेत्रमा लगानी भएको छैन। उनीहरूको पहिलो प्राथमिकता काठमाडौं या त जिल्ला सदरमुकाममा बच्चाहरू राखेर राम्रा स्कुलहरूमा पढाउने हुन्छ। यथार्थ यस्तो छ।

मान्छेको खानाको बानीमा परिवर्तन आएको छ। मान्छेहरू घरमा उत्पादित या घरमा बनेको चिजभन्दा प्याक गरिएका तयारी खाना खानमा रूचि लिन थालेका छन्। तपाईं भारी बोकेको भरियासँग हिँड्नुस्, भुटेको मकै र चाउचाउ सँगै पायो भने उसले एक पाकेट चाउचाउ बनाइदिनुस् न भन्छ। यो कुरा संस्कृतिसँग पनि गाँसिएको कुरा हो। मुख्यतः पहाडी जनजाति समुदायमा के देखिन्छ भने उनीहरूले उत्पादन गर्ने कोदोजस्ता अन्नको जाँड बनाइन्छ र चाउचाउसँग खाइन्छ। लैङ्गिक हिसाबले हेर्दा लोग्ने, सासुससुराको पेट नभरीकन बुहारीले खाना खाँदिनन्। खाद्य सङ्कट त्यसकारण महिलाहरूमा अझ विकराल रहेको छ।

मेरो मन छोएको अर्को कुरा पनि म राख्न चाहन्छु। काठमाडौंमा खाद्य संस्थानले सस्तोमा चामल दिन्छ रे भन्ने सुनेर म एकदिन गएको थिएँ। त्यहाँ पुग्दा मलाई यो यति वर्ष पुरानो चामल हो, यो यति वर्ष पुरानो चामल हो भनेर थरिथरिको चामल देखाइयो। काठमाडौंका मान्छेहरूका लागि कति वर्ष पुरानो चामल लिने हो, छनौटको सुविधा छ। अनि त्यही दिन पत्रिकामा समाचार आउँछ– तीन घण्टा, चार घण्टा, तीन दिन, चार दिन हिँडेर दार्चुला, बझाङका जनता सदरमुकाम पुगेर लाइन लागे तर चामल नपाएर रित्तै फर्किए। अब हेर्नुहोस्, वितरण प्रणाली ! काठमाडौं चामल कुहाएर राख्छ, दार्चुलामा चामल पुगेको छैन।

## ■ जगत बस्नेत

म आफ्ना केही कुरा बुँदागत रूपमा अघि सार्छु। पहिलो कुरा, हिजोदेखि रहँदै आएको कुरा हो– जमिन खाद्य उत्पादनको साधन अर्थात् उत्पादनको साधनभन्दा पनि सत्ता र शक्ति बचाउने साधनको रूपमा रह्यो। कृषिको पाटोलाई त्यससँग जोडेर हेरिएन। दोस्रो कुरा, जो खेती गर्छ, उसले अरूका लागि मात्र खेती गरिदिनुपर्ने भयो। जसका लागि खेती गरिदिएको छ, ऊ चाहिँ अमेरिका, युरोप पुगिसक्यो, नेता भइसक्यो, खेती गरिदिने चाहिँ जहींको त्यहीं छ। त्यसले खेती गर्नेको मन मरेर गयो। तेस्रो कुरा, कृषि र गैरकृषिको सम्बन्ध ज्यादै कमजोर छ। विकाससँगै सहर बढ्यो, सहरले विदेशी खाद्यान्न माग्यो। सबै कुरा विदेशबाट आउन थाले, स्थानीय उत्पादनको कुनै मतलबै छैन। बजारलाई फाइदासँग मात्रै वास्ता छ। उसले फाइदा मात्र खोज्न थाल्यो। खेती पनि विदेशी प्रविधिमा भर पर्न थाल्यो। विदेशी प्रविधि महँगो छ। त्यो महँगो प्रविधि गरिब किसानहरूले किन्न सकेनन्। त्यसले उत्पादनमा नकारात्मक असर पर्‍यो। त्यस्तै खेतीयोग्य जमिन सहरीकरण, 'प्लटिङ' र केही मान्छेहरूको हातमा थुप्रिन पुग्यो। त्यसले गर्दा स्वभाविक रूपमा उत्पादन घट्दै गयो। खेती गरिरहेका मान्छेहरूलाई खेतीबाट बेदखली गरियो, उनीहरूलाई जमिनबाट हटाइयो। यसले गर्दा मान्छेहरू खेती छाडेर सेवा क्षेत्रतिर



जुन मान्छे खेती गर्छ, उसको नाममा जग्गाको स्वामित्व नभएकाले उसलाई खेतीमा स्वामित्वबोध हुँदैन। त्यसले खेतीमा गरिने लगानीमा पनि स्वतः असर गरिहाल्छ।

**– विमला पौडेल राई**



**फ्याक्ट्री र जमिन पनि दुवै उत्पादनको साधन हो। दुवैलाई समान किसिमले हेरिनुपर्छ। जमिनलाई मात्र हेर्ने, फ्याक्ट्रीलाई छोड्ने हो भने कृषि क्षेत्रतर्फको आकर्षण अझ घटेर जान्छ।**

**– दीपकमणि पोखरेल**

लागे। पत्रिकाका अनुसार घरजग्गामा एक खर्ब चौध अर्ब कर्जा प्रवाह भएको रहेछ। तर, कृषि र भूमिसुधारको नाममा एक पैसा पनि कर्जा प्रवाह हुँदैन, भइहाले पनि नगण्य मात्रामा मात्र हुन्छ। भूमिसुधारमा छुट्याइएको बजेट जहिले पनि एक प्रतिशतभन्दा कम छ।

## ■ नयाँ शर्मा

जमिनमा स्वामित्वको कुरा बारम्बार उठिरहेकै कुरा हो। कुनै एउटा उद्योगमा हजारौं-लाखौं मानिसहरू काम गरिरहेका छन्। त्यहाँ चाहिँ स्वामित्वको प्रश्न उठिरहेको छैन। कृषिमा चाहिँ स्वामित्व नै चाहिने हो ?

## ■ जगत बस्नेत

यसमा उद्योगमा हुने शोषणलाई बुझ्नुपर्छ। जस्तो कि कृषिको कुरा गरौं, कुलो बनाएर राम्रोसँग फलायो भने साहुले कृषकसँग बढी धान माग्छ। धनीहरू खेती गर्दैनन्, उनीहरूकै नाममा बढी जग्गा छ, गरिबहरू खेती गर्छन् तर उनीहरूकै नाममा स्वामित्व छैन। हेर्नुस् त, शोषणको रोचक पाटो ! त्यसले गर्दा कृषकहरू कृषिमा लगानी गर्न तयार छैनन्। परिणामस्वरूप कृषिमा उत्पादकत्व घटेको छ। कृषकहरूलाई शोषणबाट बचाउन र उनीहरूलाई कृषिमा उत्साहजनक रूपमा सहभागी गराउन जमिनमा उसको स्वामित्व चाहिन्छ।

## ■ दीपकमणि पोखरेल

नेपालमा अहिलेसम्म खडा गरिएको एक मात्र कृषिऔजार कारखाना वीरगञ्जमा थियो, त्यो पनि बन्द भइसक्यो। तर, हाम्रो कृषि प्रणालीका लागि आवश्यक औजार आपूर्तिमा समस्या आइपरेको छैन किनभने हाम्रा विश्वकर्माहरूको पारिवारिक प्रकृतिको कृषिऔजार कारखानाले थेगिरहेको थियो। फेरि वीरगञ्जमा उत्पादन गरिएको कृषिऔजार नेपालभरिका लागि उत्तिकै कामलाग्दो हुन पनि सक्दैन। गाउँहरूमा गएर हेर्ने हो भने थाहा हुन्छ, त्यहाँको स्थानीय विशिष्टताअनुसार कृषिऔजारहरू तयार पारिएका छन्। तर, अहिले विश्वकर्माका छोराहरू पुर्ख्यौली पेसा अँगाल्न हिचकिचाउँछन्। ठिक त्यसरी नै कृषकका छोराहरू कृषि पेसा अँगाल्न हिचकिचाउँछन्। अर्को कुरा, कृषकहरूका लागि घर नै विश्वविद्यालय थियो। उनीहरू जुन घरमा जन्मिन्थे, त्यहीं बाबुआमाले गरेको कामको अवलोकन गरेर खेती गर्ने तौरतरिका, स्थानीय हावापानी सबै कुरा सिक्थे। तर, स्थिति त्यस्तो रहेन। अहिले विदेशिने क्रम तीव्र गतिमा बढेको छ, त्यसले कृषिको स्थायित्वमा गम्भीर असर पार्नेवाला छ।

अहिले उत्पादनको साधनमा वर्गीय अन्तर्विरोधलाई देखाउँदा जमिनको स्वामित्वसँग मात्र जोडेर हुँदैन। अहिले एउटा गाडीको मूल्य ३५ लाख पर्छ। त्यसको तुलनामा एउटा कारखानाको जम्मा लागत कति पर्ला ? काठमाडौंको चार आना जग्गाको मूल्य कति पुगेको छ ? न्युरोडको एक आना जग्गाको मूल्य कति पर्छ ? त्यहाँ रहेको अन्तर्विरोधलाई हामीले उठाएका छैनौं। राजनीतिक आन्दोलनले अहिले त्यस्तो जमिनको कुरा उठाइराखेको छ, जुन जमिनको मूल्य केही लाखभन्दा बढी छैन। त्यसमा सामन्ती भूस्वामित्व छ भनेर कठोर अन्तर्विरोध देखाउनु मलाई त्यति सही होजस्तो लागेको छैन। वास्तववमा मेरा नजरमा जमिनमा पहिलेको उत्पादनसम्बन्धमा परिवर्तन आइसकेको छ। यसबारेमा नयाँ ढङ्गले सोचिनुपर्छ, फ्याक्ट्री पनि उत्पादनको साधन हो, जमिन पनि उत्पादनको साधन नै हो। दुवैलाई समान किसिमले हेरिनुपर्छ। जमिनलाई मात्र हेर्ने, फ्याक्ट्रीलाई छोड्ने हो भने कृषि क्षेत्रतर्फको मान्छेको आकर्षण अझ घटेर जान्छ। त्यसले अर्को खाद्य सङ्कट पैदा गर्छ।

अहिलेको कृषिनीति र तीनवर्षे योजनामा भूमिहीनहरूको जमिनमा पहुँच बढाउने गरी कानुन बनाउने भनिएको छ तर कानुन बनाउन त्यति पहल भएजस्तो लाग्दैन। त्यस्तै भूमि बैङ्कमार्फत् भूमिहीनलाई सहुलियत दरमा ऋण उपलब्ध गराएर भूमि आर्जन गर्ने कुरामा जोड दिइएको छ तर निष्क्रिय रहेको जमिनलाई स्वामित्वबाट हटाएर वास्तविक किसानको हातमा पुऱ्याउनुपर्ने नीति पनि भूमि बैङ्कअन्तर्गत पर्नुपर्ने हो। त्यसो गरिएको छैन। जस्तो कि वीर अस्पतालको नाममा ३८ सय हेक्टर जमिन छ, राणाकालमा वितरण भएको जमिनको कुरा पनि छ। यस्ता थुप्रै कुराहरू छन्। तर, यहाँ के बुझ्नुपर्ने कुरा छ भने राणाकालमा सरकारी सेवामा काम गरेवापत जिन्दगीभरको जागीर नै त्यही जमिन पाउँथ्यो। त्यतिखेर जसरी भूवितरण भयो, त्यो सकियो, अब चाहिँ सरकारले के रणनीति ल्याउनुपर्छ भने बाँझो रहेको जमिन न्युनतम मूल्य चुक्ता गरेर उत्पादकको हातमा पुऱ्याउनुपर्छ। केही जमिन जमिनदारहरूको हातमा होला तर 'मेजोरिटी' भूमि त उत्पादकहरूकै हातमा छ। त्यो जमिन पनि सबै उत्पादक प्रयोगमा ल्याउन सकिएको छैन। भूमिपति नभए पनि हामीजस्ता कर्मचारीहरूले पहाडमा भएको दुईचार रोपनी जग्गा प्रयोगमा ल्याउन पनि सकेका छैनौं, कसैलाई दिन पनि सकेका छैनौं। राज्यले यस्ता जग्गाहरू हामीबाट खोसेर होइन, उचित मूल्यमा हाम्रो हातबाट लिएर उत्पादकहरूको हातमा पुऱ्याउन सक्नुपर्छ।

## ■ जगन्नाथ अधिकारी

हाम्रो कृषि क्षेत्रमा खराबी छ भन्ने कुरा पक्का छ। नयाँ प्रविधि, विश्वराजनीतिले पनि हाम्रो कृषिलाई क्षति पुऱ्याएको छ। हामी बसाँइसराइलाई आरोप लगाउँछौं तर कृषि क्षेत्र आकर्षक भए त्यसमा विप्रेषण (रेमिट्यान्स)बाट आएको पुँजी परिचालन गर्न सकिन्छ। कृषि विकास बैङ्कहरू त्यसैका लागि खडा गरिएका हुन्। तर, विदेशको कमाइबाट आएको पुँजी कृषि क्षेत्रमा लगानी नहुनुमा केही कमजोरी छ। त्यसको एउटा कारण हो प्रविधि। हामीले जेजस्ता प्रविधि, बिउ, कृषिऔजार प्रयोग गर्छौं, जो विद्युत्द्वारा चल्छन्, यी सबैको मूल्य बढेको छ। फेरि प्रविधि हाम्रो जनशक्तिअनुकूलको पनि छैन। परिवारको आकार सानो हुन थालेको छ, केटाकेटीहरू स्कुलमा पढ्न जान्छन्, घरमा जम्मा दुईजना बुढाबुढी हुन्छन् अनि कसरी हुन्छ ? हाम्रो विशिष्टताअनुसारको कृष प्रविधि, औजार आदिको आवश्यकता छ। आयातीत प्रविधि हाम्रो नियन्त्रणमा छैन, बिउ हाम्रो नियन्त्रणमा छैन। प्रविधिको प्रयोग प्रकृतिसँगको सन्तुलनमा गर्ने हो तर हाम्रो नियन्त्रणमा नरहेको प्रविधिका कारण त्यसमा अनुकूलताअनुसार फेर्न, विकल्प



जसका लागि खेती गरिदिएको छ, ऊ चाहिँ अमेरिका, युरोप पुगिसक्यो, नेता भइसक्यो, खेती गरिदिने चाहिं जहींको त्यहीं छ। त्यसले खेती गर्नेको मन मर्ने नै भयो नि !

– जगत बस्नेत

खडा गर्न सकिएको छैन। आधारभूत समस्या हाम्रो कृषिमा छ, जसले गर्दा जनशक्ति विदेसिएको छ। मान्छेहरू लगानी गर्न चाहिरहेका छैनन्। यसमा आंशिक रूपमा भूमिसुधार पनि गाँसिएको छ। साना किसानहरूका लागि पनि खेती गर्न नभएर जमिन विदेश जानका लागि धरौटीजस्तो हुन पुगेको छ। साना किसानहरूले समेत आफ्नो जमिन अरूलाई खेती गर्न दिएका छन्। जमिन उत्पादनका लागि भन्दा अर्कै वस्तुजस्तो हुन पुगेको छ।

## ■ विमला पौडेल राई

नेपालमा 'दाता'हरू कृषि क्षेत्रमा लगानी गर्न डराइरहेका छन्। उनीहरूको पहिलो प्राथमिकता गरिबी निवारणमा रहिआएको छ। अहिले वातावरणीय परिवर्तनमा दातृ निकायहरूको ठूलो लगानी छ। उनीहरूको ध्यान वातावरण परिवर्तनका कारण कृषिमा कस्तो असर पार्छ, कस्तो प्रविधि अपनाउनुपर्ला भन्ने विषयवस्तुहरूमा भन्दा हिमालको हिउँ पग्लियो भने के हुन्छ, वनको अनुपात चालीस प्रतिशतभन्दा बढाऊँ (जहाँ यति धेरै भोका मानिसहरू छन्, त्यहाँ ४० प्रतिशतभन्दा बढी वन क्षेत्र बनाऊँ) भन्नेतिर गइरहेको छ। उनीहरूको प्राथमिकता अधिकारमुखी काममा छैन। त्यस्तै गरेर नेपालको नागरिक र कृषि प्राविधिज्ञ भएको नाताले म यसो हेर्छु– नेपालमा मान्छेलाई बसाइँसराइका लागि तयार पार्ने दौड चलेको छ। बसाइँसराइलाई यति धेरै जोड दिनुभन्दा कृषि प्रविधिमा किन जोड नदिने ? कृषि उद्योगमा किन लगानी नगर्ने ? उनीहरूलाई त्यतातिर किन उत्प्रेरित नगर्ने ?

## ■ जगत बस्नेत

खासगरीकन मधेसका साथीहरूले यो कुरा उठाउनुहुन्थ्यो, दीपकजीले पनि उठाउनुभो। हामी यहाँ न्युरोडको एक करोडको घर अथवा जग्गा देख्छौं तर, त्यसमा प्रगतिशील कर लगाइदिनुस्, घरको कर लगाइदिनुस्, कम्पनीमा कर लगाइदिनुस्, महँगो जग्गामा कर लगाइदिनुस्, समाधान भइहाल्छ। हामीले तराईको जग्गामा मात्र भूमिसुधार लगाऊँ भनेका होइनौं। अहिले हामीले भूमिसँग गाँसेर उठाइरहेको कुरा सामाजिक न्यायसँग जोडिएको कुरा हो, त्यसबाट शोषण नगरियोस्, त्यो जमिनलाई प्रभावकारी उत्पादनयोग्य बनाउनुहोस् र ग्रामीण औद्योगीकरणलाई अगाडि बढाउनुस् भन्ने हो। निर्वाहमुखी कृषिमा मात्र मान्छेहरूलाई अल्झाउनुपर्छ भन्ने तर्क हाम्रो होइन, उनीहरूलाई अतिरिक्त (सरप्लस) उत्पादनमा लैजानुपर्छ, त्यो प्रक्रियामा राज्यले नीति ल्याउनुपर्‍यो। निर्वाहमुखी कृषिको मात्र हामीले सोच बनायौं भने त्यसको अर्थ रहँदैन। तर, भूमिसुधारप्रति दीपकजीले उठाउनुभएकाजस्ता आशङ्काहरूले त्यो कार्यान्वियन हुन सकिरहेको छैन।

## ■ नयाँ शर्मा

म सहभागी साथीहरूलाई आफ्ना टिप्पणी र प्रश्नहरू छन् भने राख्न अनुरोध गर्छु।

## ■ झलक सुवेदी

कृषिलाई अलगावमा राखेर होइन, समग्र अर्थतन्त्रको अभिन्न अङ्गको रूपमा हेर्नुपर्छ। हामी सामन्ती, अर्धसामन्ती उत्पादन-सम्बन्धबाट पुँजीवादी उत्पादन-सम्बन्धमा जान लागेका छौं तर पुँजीवादको विकासप्रक्रिया टाक्सिएको छ। हाम्रो पुँजीवाद ठुला पुँजीवादी देशहरूबाट थिचोमिचोमा परेको पुँजीवाद भएकाले यसले राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नसकेको हो। यसलाई बुझेर र चिरेर समग्र कृषिलाई आधुनिकीकरण गर्नुपर्छ। पुँजीवादी उत्पादन प्रक्रियामा प्रवेश गर्नका लागि उद्योगहरूको विकास गरेर त्यहाँ व्यापक रूपमा बसाइँ सर्न प्रेरित गर्नुपर्छ। अर्को कुरा, किसानको उत्पादन लागत नै उठ्दैन भने उसले किन खेती गर्ने ? त्यसकारणले धान, मकै, कोदो मात्र उत्पादन गरेर धान्न नसकिने भएपछि त्यसलाई विविधिकरण गरेर न्युनत्तम लागतमा नाफा हुने क्षेत्रहरूमा किसानहरूलाई नलाने हो भने कृषि क्षेत्रमा मान्छेहरू आकर्षित हुँदैनन्। त्यस्तै कृषि क्षेत्रसँग सम्बन्धित उद्योगहरूको विकासमार्फत् साना किसानहरूले उत्पादन गरेका वस्तु बेचेर उनीहरू आत्मनिर्भर हुन सक्ने आत्मविश्वास नभएसम्म कोही पनि कृषिमा फर्किनेवाला छैन। त्यसमा लागिरहेका मान्छेहरू पनि अन्यत्र लाग्नेछन्। विश्वव्यापी वितरण प्रक्रियासँग हामी गाँसिनैपर्छ। यहाँ बायोफ्युलको कुरा पनि उठ्यो। त्यसले अवश्य केही अप्ठ्यारो त पार्‍यो तर त्योभन्दा बढी महत्वपूर्ण कुरा चाहिँ के हो भने विश्वमा जति उत्पादन भइरहेको छ, त्यसलाई ठीक ढङ्गले वितरण गर्ने हो भने संसारका कोही पनि मान्छे कुपोषणमा बस्नुपर्ने, खान नपाउने स्थिति रहँदैन।

## ■ टीका भट्टराई

यहाँ नयाँ प्रविधि, बिउबिजनका कुराहरू उठे तर हाम्रो सन्दर्भमा कृषिसम्बन्धी अध्ययन-अनुसन्धानमा पनि लगानी गर्नुपर्छ। दुईतीन वर्षअघि 'जी २०' को बैठकमा यो कुरा उठेको थियो। गएका पच्चीस-तीस वर्षमा यस क्षेत्रमा विश्वव्यापी रूपमा महत्वपूर्ण लगानी भएका छन्। वातावरणीय परिवर्तन भइरहेको सन्दर्भमा त अझ कृषिसम्बन्धी अध्ययनअनुसन्धान गर्न अझ बढी आवश्यक रहेको छ। मान्छेहरूले खेतीपातीलाई कसरी



वातावरणीय परिवर्तन भइरहेको सन्दर्भमा कृषिसम्बन्धी अध्ययनअनुसन्धान गर्न अझ बढी आवश्यक छ। मान्छेहरूले खेतीपातीलाई कसरी बुझिरहेका छन्, त्यससम्बन्धी पनि सही शिक्षा दिन आवश्यक छ।

– टिका भट्टराई



हामी अहिले कर्णालीको भोकमरी र त्यहाँ चामल पुऱ्याउने कुरा एकोहोरोसँग सोचिरहेका छौं तर त्यहाँको स्याउ बजारमा कसरी पुऱ्याउने भन्ने कुरा सोचिरहेका छैनौं।

- गंगा आचार्य

बुझिरहेका छन्, त्यससम्बन्धी पनि सही शिक्षा दिन आवश्यक छ। किसानहरूलाई जमिन दिएर मात्र समाधान हुँदैन। यहाँ कुरा उठ्यो तर जमिन र उद्योगलाई दाँज्न मिल्दैन। अरू माध्यमहरूद्वारा हामी गरिबीको समाधान गर्न सक्दैनौं। यसमा अस्पष्ट हुनुपर्ने कुनै कारण छैन। उद्योग फरक कुरा हो, जमिन फरक कुरा हो।

## ■ गंगा आचार्य

वीर अस्पताल, मन्दिर, गुम्बा, खानदानी मान्छेहरू मात्र होइन, हामी पनि आआफ्ना गाउँका जमिनका मालिक नै हौं। मध्यम वर्गका मान्छेहरू जो अरू क्षेत्रमा क्रियाशील छन्, उनीहरूको जग्गा यसरी बाँझिएको छ। हामीजस्ता मान्छेहरूलाई भूमिबाट कसरी अलग गर्ने भन्ने कुरा भूमिआन्दोलनमा लागेका मान्छेहरूले सोच्न जरूरी छ। भूमिसुधारको मोटो कुराले मात्र यस्ता समस्याहरूलाई सम्बोधन गर्न सक्दैन, व्यवहारिक योजनाहरू पनि अघि सार्नुपर्छ। हामी अहिले कर्णालीको भोकमरीको कुरा गरिरहेका छौं। त्यहाँ चामल पुऱ्याउने कुरा एकोहोरोसँग सोचिरहेका छौं, रासायनिक मल पुऱ्याउन लालायित छौं, कृषि मन्त्रालयले त्यसका लागि प्रत्येक वर्ष टेन्डर आह्वान गर्छ तर त्यहाँको स्याउ बजारमा कसरी पुऱ्याउने भन्ने कुरा सोचिरहेका छैनौं। यसमा राज्यले गम्भीर गल्ती गरिरहेको छ। स्थानीय उत्पादनलाई बजारसम्म पहुँच दिन किन सकिरहेको छैन ? किन बजारबाट मात्र त्यहाँ वस्तु निर्यात भइरहेको छ ? स्थानीय सामाजिक संरचनालाई 'अनप्याक' गरेर नहेरेसम्म सबै कुरा सतही हुन्छन्। खाद्य सुरक्षाको कुरा गर्दा यस्ता कुराहरूसम्म पुग्न सक्नुपर्छ।

## ■ विमल फुयाँल

*एक्सन एड, नेपाल*

म पहिले त विमलाजीले उठाउनुभएको कुरामा केही थप्न चाहन्छु। वर्गीय हिसाबले हेर्दा कसको खाद्य सुरक्षा ? यो कुरा खुट्याएपछि मात्र सही उपचार निस्कन सक्छ। हामीले बसाइँसराइको कुरा गऱ्यौं तर त्यो त कारणभन्दा पनि परिणाम हो। कारण चाहिं किसानहरूले ससाना मात्रामा गरिरहेको कृषिले धान्न नसकेपछि बसाइँ हिँड्नु परेको हो। हामीले विद्यालयमा उत्तम कृषि, मध्यम व्यापार, निकृष्ट जागिर भन्ने पढेका थियौं। अहिले ठ्याक्कै त्यसको उल्टो भएको छ। उत्तम कृषि हुने जुन संरचना थियो, त्यो धेरै भत्किइसकेको छ। त्यसैले संरचनामा गएर यसको समाधान खोजी गर्नुपर्छ। आधुनिक राज्यहरू निर्माण भएपछि संसारका कुनै पनि देशका किसानहरू राज्यको लगानीविना टिकेका छैनन्। युरोप-अमेरिकालाई हेऱ्यौं भने त्यहाँ एक दिनमा २ बिलियन अमेरिकी डलर कृषिमा अनुदान दिइँदो रहेछ अनि मात्र कृषिउत्पादन बजार व्यवस्थामा टिकेको छ। नेपालजस्तो देशमा बजारले सबै कुरा ठीक गर्छ भनेर कृषिमा दिइँदै आएको थोरथारै सहयोग पनि बन्द गरियो। उत्पादन, वितरण र बजार तीनै ठाउँमा कृषिलाई राज्यले इन्पुट नदिएसम्म कृषि टिकाउ हुन सक्दैन। अहिले कृषिमा लागेको जनशक्ति उचित विकल्पसहित होइन, जबरजस्त त्यहाँबाट बाहिरिइरहेको छ। अहिले हामीले सङ्घीय संरचनाको पनि कुरा गरिरहेको हुनाले स्थानीय विशिष्टताअनुसार कृषिसम्बन्धी नीति तय गरिनुपर्छ। राज्यको पुनःसंरचना भनेजस्तै कृषि क्षेत्रको समग्र पुनःसंरचना के हो भन्ने कुरा स्पष्ट हुनुपर्छ।

## ■ लक्ष्मी कार्की

हामीले काम गर्ने क्रममा लमजुङका महिलाहरूका बीचमा सामूहिक मास खेती गराएका थियौं। खाद्य उत्पादन वृद्धिका लागि गरिबहरूका बीचमा सामूहिक खेती गर्ने हो भने त्यसले राम्रो परिणाम ल्याउन सक्छ भन्ने कुराको नमुना हो त्यो। अघि गंगाजीले भन्नुभएका जस्ता जग्गाहरू लिए सामूहिक खेती गर्न जग्गा उपलब्ध हुन सक्छ। यसरी उत्पादित वस्तुहरूलाई सहकारीहरूमार्फत् सुलभ रूपमा बजारसम्म बिक्री, वितरण गर्न सम्भव हुन्छ, जुन अहिले सानो स्केलमा मात्र भइरहेको छ।

## ■ कृष्ण अधिकारी

म कास्कीको हुँ। पन्ध्र वर्षदेखि काठमाडौंमा बसिरहेको छु। मेरो गाउँको जग्गा खाली छ। कमाउ भन्दा कोही पनि कमाउन तयार छैनन् किनभने त्यहाँबाट हुने वार्षिक कमाइ त्यही दशआठ मुरी धान हो। त्यसले किसानलाई के नै हुन्छ र ? त्यो पनि जग्गाधनीसँग बाँड्नुपऱ्यो बरू अरब गयो भने वर्षमा एकडेढ लाख रूपैयाँ कमाइ हुन्छ। किसानका लागि त्यसकारण बाहिर जानु नै आकर्षक देखिन पुगेको छ। यस्तो स्थितिमा हामी खाद्य सुरक्षाको कुरा गरिरहेका छौं। सरकारले बीसवर्षे योजना बनाएको छ। बीसवर्षे योजना किन ? तीनवर्षे, दुईवर्षे बनाऊँ न। त्यो व्यवहारिक हुन सक्छ। बीस वर्षका बीचमा कति धेरै परिवर्तन भएको छ। राज्य यतातिर गम्भीर हुन सकेको छैन।

# कृषि प्रणालीमा नयाँ 'मोडालिटी'

## ■ जगन्नाथ अधिकारी

कृषि क्षेत्रमा लगानी बढाउन सबै राजनीतिक दलहरूको साझा प्रतिबद्धता आवश्यक छ। लगानी वृद्धि हुनासाथ गरिबी स्वतः घट्छ। कृषि प्रणालीको कुरा गर्दा परम्परागत खेती प्रणालीमा आधारित भएर आधुनिक खेती प्रणालीले दिने उच्च उत्पादकत्व हासिल गर्नु सबैभन्दा राम्रो हुन्छ। यसमा गम्भीर अध्ययन-अनुसन्धान गर्न सके कृषिमा ठूलै उपलब्धि हासिल हुन्छ। कृषि क्षेत्र बलियो हुनासाथ औद्योगिक क्षेत्र पनि बलियो हुन पुग्छ। नेपालको कृषि पुँजीवादी कृषि होइन, पश्चिमी मुलुकहरूमा जस्तो हाम्रो कृषिमा अतिरिक्त सञ्चय छैन।

## ■ दीपकमणि पोखरेल

मलाई चाहिँ कृषि क्षेत्रमा लगानी वृद्धि गर्नासाथ जनतालाई आकर्षित गरिहाल्न सकिन्छजस्तो लाग्दैन। कृषि उत्पादन अथवा कृषि उत्पादन प्रणालीलाई सापेक्षित रूपमा अरू उत्पादन प्रणालीसँग प्रतिस्पर्धी बनाउन सकियो भने मात्रै कृषि पेसा आकर्षक हुन्छ। त्यसैका लागि विदेशतिर कृषिलाई उच्च अनुदान दिइएको छ, यहाँसम्म कि भारतले समेत कृषिलाई ज्यादै संरक्षण गरेको छ। हामीले त्यसो गर्न सकेका छैनौं।



हामीले उत्तम कृषि, मध्यम व्यापार, निकृष्ट जागिर भन्ने पढेका थियौं। अहिले ठ्याक्कै उल्टो भएको छ। उत्तम कृषिको संरचना भत्किइसकेको छ। त्यसैले संरचनामा गएर यसको समाधान खोज्नुपर्छ।

– विमल फुयाँल

## ■ विमला पौड्याल राई

कृषिमा लगानी बढाएर मात्र हुँदैन, किसानहरूको आकर्षण पनि बढाउनुपर्छ। जबसम्म राज्यको आकर्षण बढ्दैन तबसम्म किसानहरूको कृषिमा आकर्षण बढ्दैन। कृषिमा राज्यको आकर्षण ज्यादै दयनीय छ। जनता कृषि क्षेत्रतर्फ आकर्षित नहुँदाको खतरा के कस्तो हुन्छ भन्ने राम्ररी ख्याल गर्नुपर्छ। कृषि क्षेत्रमा रहेका पचास प्रतिशत किसानहरूसँग एक हेक्टरभन्दा कम जग्गा छ। त्यो पनि ज्यादै सिमान्त ठाउँमा छ। अहिलेकै स्थितिमा त उनीहरू कृषिमा आकर्षित भए पनि खाद्य सुरक्षामा गुणात्मक प्रभाव पर्दैन। त्यस्तै गरेर उनीहरूको क्रयशक्ति वृद्धि गर्नुपर्छ। किसानहरूले उत्पादन गरेको वस्तुको मूल्य र त्यसको बजार मूल्यमा ज्यादै ठूलो अन्तर छ। उनीहरूले उत्पादन गरेको माल बजारमा बढी मूल्यमा बिक्री र उनीहरूले बजारबाट सस्तोमा सामान खरिद गर्न पाउनुपर्छ। त्यसो गरिँदा पनि कुन वर्गका किसानहरूलाई आवश्यक छ, उनीहरूका लागि यस्तो व्यवस्था गरिनुपर्छ। कृषिमा आधारित २५ प्रतिशत जमात भूमिहीन छ, अरू ५० प्रतिशत चाहिँ एक हेक्टरभन्दा कम जग्गामा खेती गर्छन्। ७५ प्रतिशत जनता कृषि मजदुरीमा छ। खाद्यान्नको मूल्य ठाडो तरिकाले बढेको छ, ज्याला छड्के गतिमा मात्र बढेको छ। अझ महिलाले त्यही कामका लागि पुरूषले भन्दा आधा ज्याला मात्र पाउँछिन्। यी किसानहरूले आफ्नो आयबाट के खरिद गर्न सक्छन् र ? ज्यालाको अन्तर घटाउने र न्युनत्तम ज्यालाको नीति कृषिमा पनि लागु गरिनुपर्छ। वितरण प्रणालीको कुरा गर्दा खाद्य संस्थानमा बोराका बोरा चामल कुहेर जाने, यता कृषकहरू चाहिँ भरपेट खान नपाउने स्थिति जो छ, यस्तो विरोधाभास हटाउन समुदायलाई खाद्य संस्थानहरू सञ्चालनको जिम्मा दिनुपर्छ।

## ■ जगत बस्नेत

बीसवर्षे कृषिनीति बनेको तेह्र वर्ष भइसकेछ। हामीकहाँ बाह्र वर्षमा खोलो पनि फर्किन्छ भन्ने कहावत छ तर त्यो नीति जस्ताको तस्तै छ। नेपाल पुंजीवादी उत्पादन प्रणालीमा नगइसकेकाले त्यसमा प्रवेश गर्नका लागि जमिनको स्वामित्व कायम गर्नुपर्छ। अन्तर्राष्ट्रिय अनुभव पनि यस्तै रहेको छ। किसानहरूलाई सामूहिक खेती, व्यक्तिगत रूपमा उत्पादन बाँडफाँड गर्ने प्रणालीमा जान सकिन्छ। यस्ता सहकारी मोडेलहरू आइसकेका छन्। लगानीको कुरा गर्दा ग्रामीण औद्योगीकरणलाई छुटाउनु हुँदैन। त्यसो भयो भने मात्र मान्छेहरू विदेशिनबाट रोकिन्छन्। कृषि उत्पादकत्व वृद्धि या भूमिसुधारसँगसँगै गरिबहरूको सहभागिता हुनेखालको ग्रामीण औद्योगीकरणलाई अघि बढाउनुपर्छ। त्यसो गरिँदा सानासाना उद्योगहरू धेरै, ठुला उद्योगहरू थोरै हुनुपर्छ, जसले गर्दा समतामूलक आर्थिक स्थिति कायम हुन्छ। दुईचारजना मान्छे लखपति हुने होइन, सबैलाई लखपति बनाउँछ। अब जमिन मालिकको जिम्मेवारी तोकिनुपर्छ। हलिया, हरूवाचरूवा राख्न नपाउने, जमिन बाँझो राख्न नपाउने, मोहीलाई पनि लगाउन नपाउने, उचित ज्याला दिएर मात्र काम लगाउन पाउने व्यवस्था गर्नासाथ जमिनदारहरूले कि त जमिन स्थानीय निकाय बुझाउनुपर्ने स्थिति आउँछ, कि जमिनमा उचित ज्याला दिएर खेती गनुपर्ने हुन्छ। यसो गर्नासाथ उत्पादन वृद्धिमा सघाउ पुग्छ। यी सबै कुरा राज्यले आत्मसात् नगरेसम्म अरू कोही कसैले गरेर पनि केही हुँदैन। त्यसका लागि भूमि तथा कृषि सुधारको ढाँचा गाविस तहबाट तयार हुनुपर्छ। उसैले बढीभन्दा बढी उत्पादन गरेर अन्न बाहिर बजारमा पठाउने व्यवस्थामा जानु आवश्यक छ। त्यस्तै गरेर अहिले भूमि र कृषिको सुधार प्रक्रियालाई सँगै लैजानुपर्छ, कृषिमा मात्र लगानी गरेर हुँदैन। दक्षिण अफ्रिकामा पहिले भूमि र कृषिसुधार मन्त्रालय एउटै थियो, अहिले त्यसलाई छुट्याइयो भनेर त्यहाँ आन्दोलन चलिरहेको छ। यी छुट्याउन नमिल्ने कुराहरू हुन्। अहिले भूमि पनि निष्क्रिय छ, मजदुर पनि निष्क्रिय छ। यी दुवैलाई सक्रिय बनाउनुपर्छ तर नेपालमा भूमिसुधार र कृषि मन्त्रालय बेग्लाबेग्लै छन्। यसलाई एउटै मन्त्रालय बनाएर स्थानीय निकायलाई सक्षम बनाउनुपर्छ। कृषिको अलग, भूमिसुधारको अलग नीति होइन, दुवैको समग्र सुधारको खाका तयार पारिनुपर्छ।

## ■ कृष्ण पौडेल

हामी बिग्रन थालेको धेरै वर्ष भएको छैन, पचास वर्षजति हुँदै छ। यसका पछाडि ऐतिहासिक कारणहरू छन्। पहिलो र दोस्रो विश्वयुद्धमा युद्धका लागि धेरैखालका विषादीहरू उत्पादन गरिए, धेरै औद्योगिक निर्माणहरू भए। दोस्रो विश्वयुद्धपछि यी औद्योगिक उत्पादनहरू आवश्यक भएन। अहिलेको कृषि त्यही 'डम्पिङ साइड' हो, जसलाई हामी हरित क्रान्ति भन्छौं, जहाँ रासायिनक मल र विषादीको प्रयोग अत्यधिक भएको छ। त्यसपछि कृषि उत्पादन वृद्धि गर्न खोजहरू नभएका होइनन् तर अधिकांश खोजहरू विनाशकारी भए। हाम्रो कृषि विनाशकारी कृषि सावित भयो; युद्धको मानसिकता, मर्नेमार्ने र एकअर्काप्रतिको नकारात्मक दृष्टिकोणबाट यो कृषिको आधार तयार भयो। यसरी जोडिएको छ कृषिसँग पुंजीवादी औद्योगिक अर्थतन्त्र। अहिले हामीले जेजति विषादी प्रयोग गरेका छौं, ती नयाँ



हामीले लमजुङ्का महिलाहरूका बीचमा सामूहिक मास खेती गराएका थियौं। खाद्य उत्पादन वृद्धिका लागि गरिबहरूका बीचमा सामूहिक खेतीको उत्तम नमुना हो यो।

लक्ष्मी कार्की



साठी वर्षदेखि डोनरहरू यहाँ छन् । खोई, उनीहरूले के गरे ? कर्णालीमा स्याउ गाईलाई खुवाइँदै छ । कृषि मन्त्रालयको काम के हो ? यहाँ भूमिसुधार मन्त्रालय छ । त्यसको काम के हो ?

– कृष्णमुरारी भण्डारी

होइनन्, दोस्रो विश्वयुद्धका बेला तयार भएका हुन्। तिनै विषादी हामीले कृषिमा प्रयोग मात्र गरेका हौं। यसरी भएको छ कृषिमा आधुनिकीकरण। हामी अहिले नेपालले धान्नै नसक्ने औद्योगिक अर्थतन्त्रको बाटो अँगालेर लतारिँदै छौं। म यो कुरा यस अर्थमा भन्दै छु कि औद्योगिक अर्थतन्त्रले निर्माण गरेको उद्योगधन्दा, प्रविधि नेपालमा कहाँनिर सम्भव छ ? नेपालको सतासी प्रतिशत भूबनोटलाई मात्र हेरे थाहा हुन्छ । हाम्रो अर्थतन्त्र जुन औद्योगिक र पुँजीवादमा आधारित छ, हामीले मौलिक अर्थतन्त्रको कुरा गर्ने हो भने त्यसलाई हाम्रो स्थानीय अर्थतन्त्र, स्थानीय लोकतन्त्र र दिगो कृषिसँग जोड्नुपर्छ। हामीले अहिलेसम्मका कृषि प्रविधि, कृषिसँग जोडिएका संस्थागत पक्ष, बजार सबैलाई हेर्ने दृष्टिकोणबाट प्रश्न उठाउनुपर्ने हुन्छ। यो कुरा सोझै किसानहरूसँग गएर जोडिएको छ। त्यस्ता किसानहरूलाई उनीहरूको अधिकारका लागि कसरी सङ्गठित गर्ने ? त्यसको खोजी गर्नुपर्छ।

निश्चय नै हामी परम्परागत कृषिबाट धान्न सक्दैनौं। एउटा अनुसन्धानले के देखाएको छ भने दश हजार वर्षयता भएबराबरको कृषिको उत्पादन गएको पचास वर्षमा भएको छ। पचास वर्षअघिको प्रविधिमा गएर अबको जनसङ्ख्यालाई खुवाउन सकिँदैन। त्यसकारण हामीले बढी उत्पादन गर्ने प्रविधितर्फ नै केन्द्रित हुनुपर्छ तर त्यसको अर्थ हामीले विषाक्त खाना खाएर बाँच्नुपर्छ भन्ने होइन। विषादी नभएको कृषि प्रविधि एउटा सर्त हो। भर्खरैको अनुसन्धानले आधुनिक कृषिले भन्दा बढी उत्पादन प्राङ्गारिक कृषिले दिइरहेको छ भन्ने तथ्याङ्क सार्वजनिक भएको छ। हामीले जसरी आधुनिक खेती भनेर परिभाषित गऱ्यौं, खेतीयाग्य जमिन भनेर छुट्यायौं, आधुनिक बाली भनेर छुट्यायौं, यसको परिभाषामा पनि सङ्कट छ। हामीले वनबाट हुने खाद्य उत्पादनलाई पूरै बिर्सिएका छौं। अहिले भनिएको चालीस प्रतिशत वनबाट उत्पादन गर्ने हो भने सायद २१ प्रतिशत जमिनलेभन्दा बढी खाद्य उत्पादन हुन्छ कि ?

## ■ कृष्णमुरारी भण्डारी

*पत्रकार*

म यति गम्भीर छलफलको समापन मन्तव्य कसरी दिने भनेर आपत्मा परेको छु। म यहाँ राम र रावणको कथा जोडेर कुरा सुरू गर्छु। राम र रावणको युद्धमा लक्ष्मण घाइते भए। उनको औषधि गर्नुपऱ्यो। वैद्य झिकाइयो। उनले फलानो जडीबुटी चाहिन्छ भने। जडीबुटी कहाँ पाइन्छ भन्ने कुरा उठ्यो। हिमालयमा पाइन्छ। हिमालय कसरी जाने त ? हिमालयबाट कसरी ल्याउने त ? होइन, हनुमानमा त्यो शक्ति छ, उनैलाई पठाऊँ भन्ने कुरा भयो। हनुमान जडीबुटी लिन गए तर उनले पनि त्यो जडीबुटी चिनेका थिएनन्। यहाँ कृषिसम्बन्धी यत्रो कुरा गऱ्यौं तर केलाई प्राथमिकता दिने भन्ने कुरामा अन्यौलग्रस्त छौं। हनुमान अन्यौलग्रस्त हुँदा उनले पनि पहाडै बोकेर ल्याएका थिए। यो छलफलमा पनि पहाडै खडा गरिएको छ। ठ्याक्कै जडीबुटी खुट्याउन सकिएनजस्तो लाग्छ।

ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि ठूला भेलाहरू गरेर जनतालाई भेट्न र आफ्ना विचार दिन थाले। त्यस क्रममा उनले जनतासँग गरेको रोचक संवाद मैले टेलिभिजनमा हेरेको थिएँ। उनी सोध्छन्, “तिमी के चाहन्छौ ?” जनताहरू भन्छन्, “सरकार म पढ्न चाहन्छु।” उनी भन्छन्, “पढ्नू।” जनता भन्छन्, “सरकार खान पुगेन।” उनी भन्छन्, “खानू।” जनता भन्छन्, “सरकार लुगा उगाउन पाइएन।” उनी भन्छन्, “लाउनू।” जनता भन्छन्, “सरकार विश्वविद्यालय भएन।” उनी भन्छन्, “खोल्नू।” मानौं, उनले कति न गरिदिनेजस्तो। यहाँ तपाईंहरूले जेजे गर्नुपर्छ भन्नुभएको छ, ती राम्रा कुराहरू त गर्नैपर्छ तर समस्या कस्तो देखिन्छ भने मासको दाल बर्मा, न्युजिल्यान्ड, झारखण्डबाट आएको छ; आलु, प्याज, मासु सबै कुरा विदेशबाटै आएका छन्। अनि यो कृषि मन्त्रालय चाहिँ टुलुटुलु हेरिरहेको छ। दसैं आयो चीनले भेडा-च्याङ्ग्रा नदिइकन हुँदैन, भारतबाट मात्रै ६० हजार खसीबोका आउँदो रहेछ। मन्त्रालयमा बसेकाहरू गरिबको नाममा मोज गरिरहेका छन्। मलाई त कस्तो लागिरहेको छ भने यस्तो कृषि मन्त्रालय भङ्ग गर्दा हुँदैन ? एकचोटि हेरौं न त के हुँदो रहेछ। कुरा धेरै, काम थोरै। शिरदेखि पाउसम्म हामी विदेशी सामान र अनुदानबाट लछप्पै भएका छौं।

म यहाँ एउटा उदाहरण दिन्छु। कामपरिवन्दले म आफू पनि सहभागी भएर गाउँमा सातआठ वर्षअघि एउटा सहकारी खोलेका थियौं। त्यससँग अहिले ४ करोड रूपैयाँ छ। कृषि मन्त्रालय र डोनरहरूको कुरा गरौं न। साठी वर्षदेखि डोनरहरू यहाँ छन्। खोई, उनीहरूले के गरे ? कर्णालीमा स्याउ गाईलाई खुवाइँदै छ। कृषि मन्त्रालयको काम के हो ? यहाँ भूमिसुधार मन्त्रालय छ। त्यसको काम के हो ? यी र मसिनाजस्ता लाग्ने गम्भीर प्रश्नहरू यहाँ उठेका छन्। यो गम्भीर छलफलको प्रारम्भ हो। यस्ता छलफलहरूलाई नेपाल जहाँसम्म छ, त्यहाँसम्म पुऱ्याउनुपर्छ। •

*(प्रमोद दाहालको विचार प्राविधिक समस्याको कारण राख्न असमर्थ भएकोमा क्षमाप्रार्थी छौं ।)*



सरकारले बीसवर्षे योजना बनाएको छ । बीसवर्षे योजना किन ? तीनवर्षे, दुईवर्षे बनाऊँ न । त्यो व्यवहारिक हुन सक्छ । बीस वर्षका बीचमा कति धेरै परिवर्तन भएको छ ।

– कृष्ण अधिकारी